जि.प्र.का. सप्तरी द.नं. ३९/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ५० २०७७ साल भदौं ३१ गते बुधबार (16 Sep. 2020 Wednesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिवाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिवाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : प्राधिकरणमा कुलमानका ... ३ पृष्ठमा : असोज २ गतेदेखि ३० ... ३ पृष्ठमा अफगानिस्तानमा एक सशस्त्र ...

## सप्तरीमा निषेधाज्ञा अन्त्यसँगै चहलपहल बढ्यो



**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौं ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लामा जारि निषेधाज्ञालाई ५२ दिनपछि मंगलबारदेखी हटाएको छ ।

जिल्ला स्तरिय कोभिड १९ संकट व्यवस्थापन केन्द्रको सिफारिस र जिल्ला सुरक्षा समितिको सोमबार साँझ बसेको बैकठले जिल्लामा गत साउन ८ गतेदेखी लगाइएको निषेधाज्ञालाई सुरक्षा र स्वास्थ्यको मापदण्ड तोकि हटाउने निर्णय गरेको थियो ।

यता निषेधाज्ञा हटेसँगै जिल्लामा मंगलबार बिहानदेखी सुरक्षा, स्वास्थ्य मापदण्ड पालना गर्नु पर्ने सर्तसहित बजारमा चहलपहल सुरु भएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशाकीय अधिकृत एंव सूचना अधिकारी आनन्द ठाकुरका अनुसार पसल, व्यवसायी, बैंक तथा बित्तिय संस्था, सरकारी कार्यालय, स्थानिय तह, उद्योग, कलकारखाना लगायतले सरकारबाट जारि भएको सुरक्षा र जनस्वास्थ्य मापदण्डको पूर्ण पालना गरि संचालनमा ल्याउन सक्ने अनुमति प्रदान गरिएको छ । जिल्ला भित्र निजि सवारीसाधन तथा दुई जना यात्रु मात्र राखेर सिटी रिक्सा चलाउन पाउने छ । शिक्षण संस्था, हाट बजार, सभा सम्मेलन लगायतका भने संचालन गर्न नपाइने उनले जानकारी दिए ।

यस्तै १० वर्ष मूनी र ६० वर्षमाथीका मानिस र दिर्घरोगिलाई बाहिर हिडडुल गर्न तथा सैलुन, ब्युटिपार्लर, जिमखाना, मेला, महोत्सव तथा अन्य सामूहिक भेलामा पनि रोक लगाइएको छ । यसैगरि जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्रदान गरिने नागरिकता हाललाई बन्द रहने तथा अन्य सेवाहरु सूचारु भएको उनले बताए ।

## कोरोना संक्रमणबाट एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**पर्सा, ३० भदौ ।**

वीरगञ्जस्थित नारायणी अस्पतालको आइसियुमा उपचाररत एक ५५ वर्षिया

*बाँकी तीन पृष्ठमा*

## सप्तरीमा निषेधाज्ञा अन्त्य भएकै दिन ५० नयाँ संक्रमित थपिए

**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौं ।**

झण्डै साढे पाँच महिनापछि सप्तरीमा निषेधज्ञा हटाएकै दिन मंगलबार जिल्लामा ५० जना नयाँ कोरोना संक्रमित थपिएका छन ।

राजविराज नगरपालिकाका ४० जना सँगै सप्तरी जिल्ला अदालतका चार कर्मचारी, छिन्नमस्ता अस्पतालका दुई कर्मचारी र नेपाल प्रहरीका एक जना गरी समेत गरी जिल्लमा ५० जना नयाँ संक्रमितको पुष्टि भएको हो ।

संक्रमित हुनेहरुमा अदालतका २६, ३०, ४० र ४९ वर्षीय पुरुष रहेका छन भने छिन्नमस्ता अस्पताका २१ वर्षीय एक पुरुष र २३ वर्षीय एक महिल तथा ३७ वर्षीय एक प्रहरी समेतमा संक्रमण भेटिएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

त्यस्तै हनुमाननगर कंकालनी नगरपालिकाका ६ जना, बलानविहुल गाउँपालिका र शम्भुनाथ नगरपालिकाका १/१ जना तथा महदेबा गाँपालिका दुई जनामा संक्रमित पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यता जिल्ला बाहिर मोरङ्गका एक जना, सिरहाका एक जना र महोत्तरीका एक जना समेत गरी ५५ जना नयाँ संक्रमित थपिएको स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख

*बाँकी तीन पृष्ठमा*

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहेको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | IME International Money Express | City Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

# पाठ्यवस्तुमा समायोजन : तोडियो २२० दिन विद्यालय खुल्नुपर्ने मान्यता

काठमाडौँ, ३० भदौ (रासस) ।

कुनै वर्ष नेपाल बन्द वा हड्तालका कारण लामो समय विद्यालय बन्द हुने स्थिति भएमा शैक्षिक क्षति हुने विश्लेषणहरू गरिएकामा कोरोना महामारीको बढ्दो जोखिमले सो मान्यतामा नीतिगतरुपमै आमूल परिवर्तन ल्याइदिएको छ । वर्षमा २२० दिन विद्यालय खुल्नुपर्ने र १९२ दिन पढाइ हुनुपर्ने प्रचलित शिक्षा ऐन र नियमका कानूनी मान्यता परिवर्तन भई वैकल्पिक प्रणालीको सिकाइले मान्यता पाई पाठ्यवस्तुमा समायोजन भएको छ ।

शिक्षण सिकाइ र अभ्यासमा यो उपक्रम सूचना र सञ्चार प्रविधिको सहज पहुँच भएका विश्वका अन्य मुलुकमा नवीन नभए पनि नेपालमा अभिभावक, विद्यार्थी र शिक्षकका लागि समेत नौलो र चुनौतीपूर्ण बनेको छ । सरकारले वैकल्पिक सिकाइ प्रणालीमा विद्यार्थीको न्यूनतम् सिकाइलाई सुनिश्चितता गर्ने गरी 'कोभिड–१९ महामारीमा सिकाइ सहजीकरणका लागि पाठ्यवस्तु समायोजन ढाँचा, २०७७' जारी गरेपछि २२० र १९२ दिनका आधारमा शैक्षिकसत्रको मूल्याङ्कन गरिने परिपाटी एक प्रकारले तोडिएको छ ।

विद्यालयमा प्रत्यक्ष साक्षात्कार कक्षा हुन नसकी सिकाइ प्रणाली अवरुद्ध रहेको अवस्थामा प्रणालीलाई नियमित राख्न र विद्यार्थीको चालू शैक्षिक वर्षको क्षति हुन नदिन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको अध्यक्षतामा रहेको पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को निर्णयका आधारमा ल्याइएको नयाँ ढाँचाले यही भदौ १९ गते स्वीकृत 'विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७' को कार्यान्वयनमा थप सहज र अनिवार्य बनाउनेछ ।

'विद्यालय शिक्षामा पठनपाठन सम्बन्धी पाठ्यक्रम प्रारूप २०७६' मा प्रारम्भिक बालविकासको ५७६ कार्यघण्टा र १८ पाठ्य घण्टा, कक्षा १ देखि ३ सम्म ८३२ कार्यघण्टा २६ पाठ्यघण्टा, कक्षा ४ देखि १० सम्म १०२४ कार्यघण्टा ३२ पाठ्यघण्टा पढ्नुपर्ने व्यवस्था गरिएको थियो ।

वैकल्पिक उपायको अवलम्बन गर्न विद्यार्थीमा पाठ्यक्रमले तोकेका न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी जारी गरिएको यो ढाँचाले आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्दै यस अवस्थामा दूर तथा खुला शिक्षालगायतका प्रणालीलाई तत्कालका लागि सिकाइ सहजीकरणको मूल प्रणालीका रूपमा लागू गरी नियमित विद्यालय सञ्चालन हुन सक्ने अवस्थामा समेत यस प्रणालीलाई पूरक वा समानान्तर प्रणालीका रूपमा प्रयोग गर्नसमेत मौजुदा पाठ्यक्रमका पाठ्यवस्तुलाई समायोजन गरेको हो ।

वैकल्पिक विधि वा अन्य व्यक्तिको सहयोगबाट सहजीकरण गरिने पाठ्यवस्तु छुट्याउने आधारसहित नमुना ढाँचा प्रस्तुत गरी सोका आधारमा विद्यालयले घरलाई शिक्षालय, रेडियो पाठशाला, टेलिभिजन शिक्षामा, भर्चुअल माध्यमका लागि सिकाइ सहजीकरण र मूल्याङ्कन योजना बनाउन सक्ने गरी विद्यालयमा प्रधानाध्यापक, विषय शिक्षक र स्थानीय विज्ञको समिति रहने व्यवस्था गरिएको छ ।

सो ढाँचा मंगलबार

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्राधिकरणमा कुलमानका चार वर्ष : झण्डै डुबेको संस्था खूद नाफामा

काठमाडौँ, ३० भदौ (रासस) ।

नेपाल सरकारका सार्वजनिक संस्थानमा को कसले राजनीतिक नियुक्ति लिएर आउँछ भन्ने कुराको चासो आम मानिसलाई हुँदैन । ती संस्थामा पुग्ने मानिस कोही चर्चाको शिखरमा पुग्ला वा नपुग्ला त्यो कर्मले निर्धारण गर्दछ ।

नागरिकलाई सेवा दिने लक्ष्यका साथ सरकारले स्थापना गरेका अधिकांश सार्वजनिक संस्थानले जनतालाई सेवा दिएको र नाफा कमाएको पाउनसमेत मुस्किल छ । अर्थ मन्त्रालयको विवरण हेर्ने हो भने त्यस्ता संस्थाहरू केवल खर्चका भारी मात्रै बनिरहेका छन्। केही वर्ष पहिलेसम्म नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा को आयो र गयो आम मासिलाई थाहै हुँदैनथ्यो तर पछिल्ला चार वर्षमा अवस्था फेरिएको छ । प्राधिकरणको गरिमा र मर्यादा बढेको छ ।

त्यसले सरकारी संस्थान पनि सबल र सक्षम बन्न सक्छ भन्ने तथ्य स्थापित भएको छ । त्यसको पछाडि सरकारले छानेको सही व्यक्तित्व नै प्रमुख कारक बन्यो । सही व्यक्ति छनोट गर्दा सरकारी संस्थान पनि नाफामा जान सक्छ, आम मानिसको नजरमा पर्न सक्छ भन्ने कुराको उदाहरण बनेको छ, प्राधिकरण ।

सही व्यक्तिलाई सही स्थान दिँदा कुनै समय झण्डै रु ३४ अर्ब सञ्चित नोक्सानी व्यहोरेको प्राधिकरणले आर्थिक वर्ष २०७६र७७ सम्म आइपुग्दा झण्डै रु ११ अर्ब नाफा गरेको छ। यसको पछाडि त्यसको बागडोर सम्हाल्ने नेतृत्व र त्यसलाई सहयोग गर्ने कर्मचारीको प्रमुख हात रहेको छ। कुनै समय रु २९ अर्ब अपलेखन गर्दासमेत वार्षिक झण्डै आठ अर्बका दरले घाटामा गइरहेको प्राधिकरणलाई नाफाको युगमा परिणत गर्न पछिल्लो चार वर्षमा भएका प्रयास नै निर्णायक भएको छ ।

दैनिक १४ घण्टासम्म विद्युत्भार कटौतीमा परेका, उज्यालो देख्नसमेत मुस्किल भएका नेपाली नागरिकलाई आशा जगाउने, नेपालको ऊर्जा क्षेत्रमा केही गर्न सकिन्छ भन्ने सरकारको कामलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने कामसमेत यस अवधिमा भएको छ। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र तत्काली ऊर्जामन्त्री जनार्दन शर्माले प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेका कुलमान घिसिङले प्राप्त गरेको चार वर्षको अवधिमा नेपाली जनतालाई अँध्यारोबाट उज्यालो यात्रामा डोऱ्याउनुभयो ।

कार्यावधि यही भदौ २९ गते सकिए पनि प्राधिकरणले मंगलबार बिदाइ समारोहको आयोजना गऱ्यो । बिदाइ समारोहमा सहभागी अधिकाशंले कार्यकारी निर्देशक घिसिङको पहिलो सत्रमात्रै सकिएको भन्दै चाँडै नै उहाँ पुनः कार्यकारी निर्देशक भएर आउने विश्वाससमेत व्यक्त गरेका छन्। आम मानिसको चाहना छ, सक्षम व्यक्ति पुनः दोहोरिऊन् र संस्थालाई थप सबल बनोस् । यस्तो छ रिपोर्ट कार्ड सरकारले २०७३ साल भदौ २९ गते घिसिङलाई ४ वर्षका लागि नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो ।

मन्त्रिपरिषद्को निर्णयका आधारमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र घिसिङबीच प्राधिकरण सुधारका विभिन्न सूचकाङ्कहरू तयार गरी कार्यसम्पादन सम्झौता भएको थियो । ऊर्जा मन्त्रालयले गरेको कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा आर्थिक वर्ष २०७३र७४ मा ८८।१९, आव ०७४र७५ मा ८७९८, आव ०७५र७६ मा ८६।८२ र आव २०७६र७७ मा ८७५५ प्रतिशत नतिजा घिसिङले प्राप्त गर्नुभएको छ । बिदाइ समारोहमा घिसिङले भन्नुभयो, "मैले जिम्मेवारी सम्हाल्दा अन्धकारले मुलुक आक्रान्त थियो ।

बर्सातको समयमा समेत ६ देखि ८ घण्टाको लोडसेडिङ व्यहोरिरहनु परेको र हिउँदमा दैनिक १४ घण्टासम्म लोडसेडिङ गर्नुपर्ने प्रक्षेपण थियो ।" प्राधिकरणको आव २०७२र७३ सम्ममा सञ्चित घाटा रु ३४ अर्ब ६१ करोड पुगेको थियो भने सोही वर्ष आठ अर्ब ८९ करोड खुद नोक्सानी थियो । एकातर्फ कहालि लाग्दो अँध्यारोले मुलुक आक्रान्त थियो भने अर्कोतर्फ प्राधिकरणको घाटाको ग्राफ बढ्दो क्रममा थियो । प्रणालीमा वार्षिक विद्युत चुहावट २५।७८ प्रतिशत थियो, करीब ६३ प्रतिशत जनता मात्रै ग्रिडको विद्युत पहुँचमा थिए ।

सरकारले घिसिङलाई दिएको मुख्य जिम्मेवारी पनि विद्युत्भार कटौतीको अन्त्य गरी अँध्यारो युगलाई उज्यालो बनाउने र प्राधिकरणको सुधार गर्ने नै थियो । सो कार्यमा घिसिङले राम्रो नजिता निकाल्नु भएको छ । विद्युत माग र आपूर्ति बीचको सन्तुलित, वैज्ञानिक व्यवस्थापन र इमान्दार प्रयासबाट मुलुकलाई विद्युत्भार कटौतीको अन्त्य गर्न सफल भएको जानकारी दिँदै घिसिङले भन्नुभयो, "लोडसेडिङ अन्त्य गर्नुमात्र हाम्रो अन्तिम अभीष्ट थिएन ।

हाम्रो योजना प्राधिकरणको चौतर्फी सुधार र विभिन्न कारणले जीर्ण बनेका तथा अलपत्र अवस्थामा रहेका उत्पादन, प्रसारण तथा वितरण तर्फका आयोजना सम्पन्न गर्नु तथा नयाँ शुरु गर्नु थियो । जीर्ण बनेका अधिकांश आयोजना निरन्तरको प्रयासबाट निर्माण सम्पन्न भएका छन् भने केही सम्पन्न हुने चरणमा पुगेका छन् ।" घिसिङले प्राधिकरणको नेतृत्व सम्हालेको पहिलो आर्थिक वर्षमा प्राधिकरणले रु एक अर्ब ४७ करोड खुद नाफा कमायो ।

त्यसपछिका वर्षहरूमा नाफाको ग्राफ उकालो लाग्दै गयो । दोस्रो वर्ष रु दुई अर्ब ८५ करोड, तेस्रो वर्ष रु नौ अर्ब ८१ करोड २५ लाख खुद नाफा कमायो, चौथो वर्षमा मुनाफा बढेर रु ११ अर्ब पाँच करोड पुगेको छ । कुनै बेला कर्मचारीलाई तलब खुवाउन पनि सरकारको मुख ताक्नुपर्ने अवस्थामा पुगेको प्राधिकरण सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये दुई वर्षदेखि सबैभन्दा बढी खुद नाफा कमाउने संस्था बनेर गौरवपूर्ण इतिहास बनाउन सफल भएको छ । चालू आवको बजेटमा प्राधिकरणको नाफा रु ११ अर्बभन्दा बढी रहने प्रक्षेपण गरिएको छ । ऋणात्मक रहेको सञ्चित कोष धनात्मकतर्फ अघि बढिरहेको छ । चार वर्षअघि रु ३४ अर्ब ६१ करोड सञ्चित नोक्सानी रहेकामा आव ०७६र७७ मा प्राधिकरणले सम्पूर्ण सञ्चित नोक्सानीलाई शून्यमा झारी करीब रु पाँच अर्ब नाफा कमाएको छ ।

विद्युत्भार कटौतीको अन्त्य भई नियमित रुपमा विद्युत आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि सञ्चालन गरिएको अभियानबाट प्रसारण तथा वितरणतर्फको विद्युत चुहावट उल्लेख्य रुपमा घटेको छ । चार वर्षअघि प्रणालीमा रहेको २५।७८ प्रतिशत विद्युत चुहावटलाई घटाएर अहिले १५।२७ प्रतिशतमा झारिएको छ । देशभरका करीब ८६ प्रतिशत जनताले ग्रिडको विद्युत्मा पहुँच पाएका छन । अफ ग्रिडसहित करीब ९० प्रतिशत जनताले विद्युत ऊर्जामा पहुँच प्राप्त गरेका छन् । चार वर्षअघि प्रतिव्यक्ति प्रतिवर्ष विद्युत खपत १३०।७८ युनिट मात्रै रहेकामा अहिले बढेर २६० युनिट पुगेको छ । यो प्राधिकरणको मुख्य सफलता रहेको घिसिङले जानकारी दिनुभयो ।

कार्यक्रममा प्राधिकरणका वरिष्ठ उपकार्यकारी निर्देशकहरूले घिसिङको पुनः नियुक्ति हुने र आफूहरूले पुनः सबल तथा सक्षम अभिभावक पाउने विश्वास मात्रै व्यक्त गरेनन् संस्थामा शुरु भएको सुशासन र पारदर्शितासहित आगामी लक्ष्य हासिल गर्न अझै सँगै काम गर्ने इच्छासमेत व्यक्त गरे । शत्रुले पनि सम्मान गर्ने नेतृत्व वरिष्ठ उपकार्यकारी निर्देशक हितेन्द्र देव शाक्यले कामप्रति इमान्दार, लगनशील तथा मेहनती व्यक्तित्व घिसिङको नेतृत्वमा प्राधिकरण अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो । "बिदाको दिनसमेत नभनी काम गर्ने, संस्थालाई नै केन्द्रमा राखेर काम गर्ने घिसिङजस्तो व्यक्तित्वको खाँचो अझै पनि प्राधिकरणलाई छ", शाक्यले भन्नुभयो, "उहाँको क्षमता शत्रुले समेत सम्मान गर्ने खालको छ ।" उहाँले घिसिङको नेतृत्वले गर्दा प्राधिकरणको कर्मचारी भनेर बाहिर शिर उठाएर हिँड्ने वातावरण बनेको बताउनुभयो ।

प्राधिकरणका अर्का उपकार्यकारी निर्देशक हरराज न्यौपानेले संस्थालाई सबल बनाउन नेतृत्वकर्ता नै ऊर्जाशील हुनुपर्ने तथ्य स्थापित भएको भन्दै घिसिङले बसाएको जगलाई पूरा गर्न सबैले उत्तिकै मेहनत गर्नुपर्ने बताउनुभयो । उहाँले आगामी दिनमा पनि घिसिङले नै प्राधिकरणको नेतृत्व गर्ने वातावरण बन्ने विश्वास व्यक्त गर्नुभयो । उपकार्यकारी निर्देशक लेखनाथ कोइरालाले प्राधिकरणप्रति नागरिकमा बढेको विश्वासलाई थप बढाउँदै सरकारले लिएको लक्ष्य पूरा गर्न पनि घिसिङ जस्तै नेतृत्व जरुरी रहेको बताउनुभयो । आधिकारिक कर्मचारी युनियनका संयोजक रामेश्वर पौडेलले घिसिङको पुनः नियुक्तिका सन्दर्भमा देखिएको कानूनी जटिलता फुकाएरै भए पनि एकाध दिनमा नै पुनः नियुक्ति पाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले उज्यालो र समृद्ध नेपाल निर्माण गर्ने सङ्कल्प लिएको वर्तमान सरकारले एकपटक घिसिङलाई नै प्राधिकरणको जिम्मा दिनेमा आफू आशावादी रहेको बताउनुभयो ।

# नेकपाका नेताका नाममा खोलिएका प्रतिष्ठानलाई गतिविधि गर्न रोक

काठमाडौँ, ३० भदौ (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी ( नेकपा)ले पार्टीका नेताका नाममा खोलिएका प्रतिष्ठान वा सङ्घसस्थालाई कुनै पनि गतिविधि नगर्न निर्देशन दिएको छ । पार्टीले अन्तरपार्टी निर्देशन - ५ जारी गर्दै पार्टीका नेताका नाममा स्थापना भएका प्रतिष्ठान, फाउण्डेशन, अध्ययन केन्द्र जस्ता संस्थालाई प्रदेश, जिल्ला, र स्थानीय तहमा कुनै पनि शाखा गठन र गविविधि गर्न रोक लगाउने निर्देशन दिएको हो ।

नेकपाले ती नेताका नाममा खोलिएका प्रतिष्ठान वा सङ्घसंस्थामध्ये अधिकांशले पार्टीभित्र गुटबन्दी गर्न थालेपछि अन्तरपार्टी निर्देशन - ५ मा रोक लगाउने निर्देशन दिएको हो । केन्द्रमा भने कुनै रोक लगाइएको छैन । पुष्पलाल, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, मदन भण्डारी, जीवराज आश्रित, नरबहादुर कर्माचार्य, निर्मल लामा, सुरेश वाग्ले, कृष्णसेन इच्छुक मोतीदेवी, सहाना प्रधान, झलनाथ खनाललगायत नाममा त्यस्ता संस्था खोलिएका छन् । तिनमध्ये केहीका केन्द्रमा मात्र र केहीका जिल्लाहरुमा पनि शाखा खोलिएका छन् ।

"पार्टीका विभिन्न नेताका नाममा विभिन्न प्रतिष्ठान वा संघसंस्थाहरु परिचालित छन् । तीमध्ये अधिकांश गुटबन्दीको माध्यम बन्दै गएका छन् । गुटबन्दी रोक्न प्रतिष्ठानलाई नियमन गर्न जरुरी छ", अन्तरपार्टी निर्देशन - ५ मा भनिएको छ । पार्टी सचिवालय बैठकले प्रतिष्ठानसम्बन्धी अध्ययन गर्न कार्यदल बनाएर प्रतिवेदन सार्वजनिक नगरेसम्म तिनका शाखा गठन र गतिविधि नगर्न निर्देशन दिएको हो ।

अन्तरपार्टी निर्देशन - ५ मा सचिवालयले प्रतिष्ठानको सञ्चालन, व्यवस्थापन तथा नियमन विधि निश्चित गर्न स्पष्ट कार्यादेशसहितको कार्यदल गठन गर्ने उल्लेख गरिएको छ । कार्यदलको प्रतिवेदन प्राप्त भएपछि त्यसमाथि छलफल गरी प्रतिष्ठानबारे आवश्यक निर्णय गर्ने जनाइएको छ ।

नेकपा स्थायी कमिटी सदस्य वेदुराम भुसालले नेताका नाममा प्रतिष्ठान खोल्नु राम्रो भए पनि त्यसबाट पार्टीलाई नै नोक्सान पुऱ्याउने किसिमको गुटबन्दी गर्न नहुने बताउनुभयो । उहाँले नेताका नाममा खोलिएका अधिकांशले पार्टीभित्र गुटबन्दी गर्न थालेपछि अङ्कुश लगाउनुपरेको स्पष्ट गर्नुभयो । "नेताका नाममा खोलिएका प्रतिष्ठानले तिनै नेताको

बाँकी तीन पृष्ठमा

# असोज २ गतेदेखि ३० गतेसम्म मलमास

काठमाडौँ, ३० भदौ (रासस)।

यस वर्ष असोज २ गते शुक्रबारदेखि ३० गते शुक्रबारसम्म मलमास अथवा अधिकमास परेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । ज्योतिषीय गणनाअनुसार ३६५ दिनको वर्ष हुन्छ। वर्षमा सौर र चान्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ। एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास भनिन्छ।

महिनामा दुई वटा सङ्क्रान्ति पऱ्यो भने क्षयमास भनिन्छ। ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासको स्पष्ट परिभाषा दिनुभएको छ।

असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्याद्।

द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित्॥

अर्थात् सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो। दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो। क्षयमास भने कहिले कहिलेमात्र हुने गरेको छ। यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री शिवप्रसाद पोखरेलले बताउनुभयो। क्षयमास कात्तिक, मङ्सिर र पुसमा पर्ने गरेको छ। यसमा पनि बढीजसो मङ्सिर र पुसमा क्षयमास पर्छ। कात्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ। माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन। बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ।

क्षयमास हुने वर्ष दुई अधिकमास नियमितसमेत पर्छन्। यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन्। क्षयभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ। सबै मासको देवता हुन्छन्। मलमास महिनाको देवता नभएपछि मलमास रुदै भगवान् श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेलाँ गरेको गुनासो गरे। गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मेरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिनुभएको पुरुषोत्तममास माहात्म्य नामक ग्रन्थमा उल्लेख गरिएको छ ।

**अधिकमास (मलमास) मा के गर्ने ? के नगर्ने ?**

मलमास अर्थात् अधिकमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ। नित्य बसिरहेको व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो। पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको शुरुआत् गर्नु नहुने नियम छ।

मलमासको समयमा महादान, माङ्गलिक कार्यअर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेशजस्ता गर्नु हुँदैन। यसैगरी गर्भाधान गर्नुहुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन। नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नुहुँदैन भन्ने मान्यतामै आधारित रहेको धर्मशास्त्रविद्को भनाइ छ। बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म मलमासमा पनि गर्नुहुँदैन।

**मच्छेनारायण (मत्स्यनारायण) मेला**

रत्नपार्कबाट करिब आठ किमी दक्षिणपश्चिम भेगमा पर्ने मत्स्यनारायण मन्दिरमा मलमासका समयमा मेला लाग्ने गर्छ। यहाँ मत्स्यनारायणको प्रस्तर मूर्ति छ। मलमासमा एक महिना लामो मेला लाग्ने भए पनि यस वर्ष कोरोना भाइरसको सङ्क्रमणका कारण स्थगित गरिएको छ।

मलमासको अवधिभर मच्छेनारायणमा टाढा टाढाबाट लाखौँ भक्तजन दर्शनका लागि आउने गरेकामा यस वर्ष चन्द्रागिरि नगरपालिकाले मेला नगर्ने निर्णय गरेको छ। मलमास अवधिभर कीर्तिपुरबाट चार किमी दक्षिणमा पर्ने मच्छेनारायण मन्दिरमा नारायणको पूजा र पुरुषोत्तम माहात्म्य वाचन हुने गरेकामा यस वर्ष घरघरमै मच्छेनारायण पूजा एवं पुरुषोत्तममास माहात्म्य वाचन गर्न नगरपालिकाले अनुरोध गरेको नगर प्रमुख घनश्याम गिरीले बताउनुभयो।

यो महिनामा भगवान् नारायणको पूजा आराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त गरिने विभिन्न धर्मग्रन्थमा उल्लेख गरिएको छ। सुनको जलप लगाएको गरुडको कलात्मक प्रवेशद्वार मच्छेनारायण मन्दिरमा छ। माछाको मुखबाट प्रकट भएको एक फिट अग्लो चार हातमा शङ्ख, चक्र, गधा र पद्म लिएको मूर्ति देख्न सकिन्छ।

भगवान् विष्णुले दश अवतार लिँदा सबभन्दा पहिले मत्स्य शरीर धारण गर्नुभयो। मत्स्यरुपी भगवान्ले प्रलयकालमा समुद्रमा डुङ्गाको काम गरी वेदलाई सुरक्षा गर्नुभएको पुराणमा उल्लेख छ। चार नारायणको दर्शन गर्ने उद्देश्य बोकेका भक्तजनले मत्स्यनारायण मन्दिरको दर्शन गर्न छुटाउँदैनन्। मलमासबाहेक नववर्षलगायत जनैपूर्णिमाको दिनमा पनि मत्स्यनारायणको दर्शन गर्न भक्तजनको घुइँचो लाग्ने गरेको छ। मत्स्यनारायण नाम भए पनि जनजीवनमा शब्दको प्रयोग गर्दा अपभ्रंश भई मच्छेनारायण भन्ने गरिएको छ।

**वेदको रक्षा गर्न मत्स्यरुपमा भगवान् विष्णु**

मत्स्य अवतारका विषयमा प्रचलित किम्बदन्ती यस्तो छ। प्राचीन कालमा सत्यव्रत नाम गरेका राजाले नदीमा मत्स्य अवतारको सर्वप्रथम दर्शन पाएका हुन्। सानो माछाले आफ्नो रक्षार्थ बिन्ती गरेपछि राजाले आफ्नो कमण्डलुमा राखेका थिए। कमण्डलुमा माछा अटाएन। माछालाई क्रमशः तलाउ अनि समुन्द्रमा राख्दा आकार बढ्दै गएको गयो। राजाले भगवान् विष्णुको अवतार बुझेर मत्स्य अवतारको पूजा गरे।

पृथ्वी प्रलयको समयमा मत्स्य अवतारले जलमग्न पृथ्वीमा सानो डुङ्गामा बीउबिजनसहित सप्तर्षि अनि राजा सत्यव्रतको रक्षा गरेको कुरा विभिन्न पुराणमा उल्लेख छ। हयग्रिव नाम गरेको राक्षसले वेदलाई चोरेर समुद्रमा लुकाएको थियो। भगवान् मत्स्यले हयग्रिवलाई मारेर वेदको पनि उदार गर्नुभएको विश्वास गरिन्छ।

यस वर्ष पितृपक्ष सकिएर दुर्गापक्ष शुरु हुने औँसीदेखि नै मलमास लाग्ने भएकाले नेपालीको महान् चाड बडादशैँ एवं तिहार एक महिना ढिला हुने भएको छ। असोज ३० गते मलमास सकिएपछि कात्तिक १ गते घटस्थापना गरी दशैँ शुरु हुनेछ। मलमासका कारण दशैँपछिका सबै चाडबाडा ढिला हुनेछन्।

यसअघि २०७५ जेठ महिनामा अधिकमास परेको थियो। असोज महिनामै अधिकमास भने विसं २०५८ मा परेको थियो। १९ वर्षपछि फेरि असोज महिनामै मलमास परेको छ। असोज महिनामा पर्ने मलमासमा दक्षिणी देशमा सङ्घर्ष हुने ज्योतिषशास्त्रको ग्रन्थ संवत्सर संहितामा उल्लेख गरिएको ज्योतिषी पोखरेलले बताउनुभयो। मलमासमा विशेष गरी भगवान् पुरुषोत्तमको पूजा आराधना गरी मालपुवा दान गरे पुण्य मिल्ने धार्मिक विश्वास छ।

## *कोरोना संक्रमणबाट ...*

महिलाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ। मृत्यु हुनेमा बाराको डुमरवाना १४ निवासी महिला रहेकी छिन्।

उच्च ज्वरो, कडा निमुनिया र स्वासप्रस्वास रोगबाट उनी ग्रसित रहेको अस्पतालले जनाएको छ। उनलाई भदौ २९ गते अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो। सोही दिन पिसिआर परीक्षण गर्दा कोरोना पुष्टि भएको बताइएको छ।

## *सप्तरीमा निषेधाज्ञा ...*

दुनियालाल यादवले जानकारी दिएका छन्।

योसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या १ हजार ९० पुगेको छ। संक्रमित मध्ये ८ जनाको मृत्यु भएको छ भने ७३६ जना डिस्चार्ज भएको यादवको भनाई छ।

सोमबार मात्रै कोभिड १९ संकट व्यवस्थापन समितिको बैठकबाट मंगलबारदेखि सप्तरीमा निषेधज्ञा अन्त्य हुने निर्णय गरेका थियो।

## *नेकपाका नेताका ...*

विचार र आदर्शलाई प्रचारप्रसार र तिनले पुऱ्याएको योगदानको चर्चा गर्दै वैचारिक बहस गर्नुपर्ने हो ", उहाँले भन्नुभयो, " तर त्यसरी खोलिएका प्रतिष्ठानले नेताहको विचार र आदर्शलाई भुलेर पार्टीभित्र गुटबन्दी गर्न थालेकाले व्यवस्थित बनाउन अहिलेलाई रोक लगाइएको हो।"

उहाँले प्रतिष्ठानले पार्टीको नीति बाहिर रहेर समानान्तर गतिविधि सञ्चालन गर्न थालेकाले व्यवस्थित बनाउन आवश्यक रहेको बताउनुभयो। उहाँले नेताका नाममा स्थापना हुने प्रतिष्ठानलाई पार्टी मातहत ल्याएर सञ्चालन गर्नुपर्ने धारणा पनि राख्नुभयो। तत्कालीन नेकपा (एमाले)ले पनि प्रतिष्ठानलाई व्यवस्थित बनाउनका लागि भुसालको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। उक्त कार्यदलले तयार पारेको 'प्रतिष्ठान सञ्चालन निर्देशिका' प्रतिवेदन केन्द्रीय कमिटीमा बुझाउन नपाएको उहाँले गुनासो गर्नुभयो। उहाँ आफूले त्यतिबेला प्रतिवेदन बुझाउन पाएको भए प्रतिष्ठानलाई व्यवस्थित गर्न सकिने बताउनुहुन्छ।

उहाँका अनुसार उक्त निर्देशिकामा प्रतिष्ठान पार्टी मातहत सञ्चालन गर्नका लागि प्रतिष्ठान समन्वय कमिटी गठन गर्ने उल्लेख थियो। पूर्वएमाले र माओवादी पार्टीले निर्णय गरेर प्रतिष्ठान वा सङ्घसंस्था स्थापना गरेका छन्। कतिपय नेताले आफूखुशी दिवङ्गत नेताका नाममा प्रतिष्ठान, फाउण्डेशन र अध्ययन केन्द्र जस्ता स्थापना गर्ने गरेको पाइएको छ।

अर्का स्थायी कमिटी सदस्य मणि थापाले पार्टीका नेताका नाममा प्रतिष्ठान वा कुनै सङ्घसंस्था स्थापना गर्नु आवश्यक रहे पनि त्यसका नाममा पार्टीभित्र गुटबन्दी गर्नु पार्टीकै हित विपरीत हुने बताउनुभयो। उहाँ प्रतिष्ठानलाई पार्टीकै गतिविधि नगरी गैरराजनीतिक क्रियाकलाप गर्न छुट दिनुपर्ने सुझाव दिनुहुन्छ। पार्टीभित्र विद्यमान प्रतिष्ठानले गुटबन्दी गरेकाले त्यसलाई व्यवस्थित बनाउन आवश्यक रहेको उहाँको भनाइ छ।

## *पाठ्यवस्तुमा ...*

सार्वजनिक गर्दै शिक्षामन्त्री गिरिराजमणि पोखरेलले सङ्क्रमणकालमा शिक्षकले पाठ्यपुस्तकका पाठ पढाएर सक्ने विषयमा आधारित नभई पाठ्यक्रममा आधारित सिकाइ उपलब्धिलाई आधार मानी सिकाइलाई प्राथमिकतामा राखेर पाठ्यक्रमले तोकेका वैकल्पिक विधिको प्रयोगका लागि शिक्षक निर्देशिका, तालीम प्याकेजको अध्ययन, अनुभवी शिक्षक प्रशिक्षकसँग छलफल, स्थानीय विज्ञ व्यक्तिसँगको परामर्श र अध्ययन गरी सिकाइलाई प्रभावकारी रूपमा निरन्तरता दिने विधिको चयन गर्न आग्रह गर्नुभयो। विद्यार्थीको सिकाइको मूल्याङ्कन प्रमाणका आधारका आधारमा शिक्षकले नै विद्यार्थीको मूल्याङ्कन गर्दा के आधारमा गरियो र कुन मापदण्डमा अङ्कन, श्रेणीकरण र स्तरोन्नति गरियो भन्ने कुरामा सुनिश्चित हुनुपर्ने ढाँचामा जनाइएको छ।

"मूल्याङ्कनलाई वस्तुनिष्ठ, प्रामाणिक र गुणस्तरीय बनाउने जिम्मेवारी स्वयं शिक्षकको हो। सिकाइ सहजीकरणका क्रममा गरिने मूल्याङ्कन, प्रयोगात्मक मूल्याङ्कन र प्रमाणीकरण मूल्याङ्कनबाट विद्यार्थीको कक्षोन्नति गर्न सकिन्छ", मन्त्री पोखरेलले भन्नुभयो, "शिक्षकले आन्तरिक र आवधिक मूल्याङ्कन गर्दा विद्यार्थीको लिखित कार्य, मौखिक कार्य, प्रयोगात्मक कार्य, परियोजना कार्य, पोर्टफोलियो व्यवस्थापन, अन्तर्वार्ता आदि जुनसुकै प्रक्रिया अपनाएको भए पनि ती विद्यार्थीको सहभागितामा गरिएको हुनुपर्ने छ। विद्यार्थीको मूल्याङ्कन र श्रेणीकरणका लागि प्रयोग गरिएका सबै साधन सुरक्षित राख्नुपर्ने छ।"

उहाँले यो पाठ्यक्रम ढाँचालाई अनुशरण गरी स्थानीय परिवेश अनुकूल सिकाइलाई निरन्तरता दिई बालबालिकाको पढ्न पाउने हकलाई सुनिश्चित गर्दै शैक्षिक क्षति हुनबाट जोगाउन आग्रह गर्नुभयो। ढाँचामा पाठ्यवस्तु समायोजनका लागि एकीकरण, समूहीकरण, प्राथमिकीकरण सिद्धान्तलाई अवलम्बन गरिएको छ।

सरकारले वैकल्पिक प्रणालीको सिकाइलाई शैक्षिक सत्रमा गणना गराउने गरी नयाँ कोरोना महामारीको जोखिम बढिरहेकाले विद्यालय खुल्न नसकेको स्थिति र अन्य प्राकृति विपत्तिमा पनि यस प्रकारको वैकल्पिक सिकाइलाई मान्यता दिई चालू शैक्षिक सत्रमा विद्यार्थी अभिलेखीकरण (भर्ना), तथ्याङ्क सङ्कलन, निजी विद्यालयमा स्थानीय तहले तोकेबमोजिमको शुल्क लिन, पाठ्यभार सङ्कुचन गरी मूल्याङ्कनको विधि लागू गर्न स्थानीय तह र सम्बन्धित विद्यालयलाई यसअघि आग्रह गरिसकेको थियो।

यसअघि गत जेठ १८ गते 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी भई गत असार १ गतेदेखि वैकल्पिक प्रणालीको सिकाइ अनिवार्य कार्यान्वयन गरिएकामा भदौ १९ गते नयाँ सिकाइ निर्देशिका ल्याइएको थियो।

# विश्व समाचार

## अफगानिस्तानमा एक सशस्त्र समूहले गोली चलाउँदा प्राध्यापकसहित तीनको मृत्य

जालालाबाद, अफगानिस्तान, ३० भदौ (रासस/सिन्ह्वा)।

अफगानिस्तानका दुई छुट्टाछुट्टै प्रान्त बन्दूकधारी समूहले गरेका आक्रमणमा विश्वविद्यालयका एक प्राध्यापकसहित तीनको मृत्यु भएको अधिकारीहरूले मङ्गलबार बताएका छन्।

नान्गाहर प्रान्तको खोगियानी जिल्लामा बन्दुकधारी एक समूहले विश्वविद्यालयका प्राध्यापकलाई गोली हानी हत्या गरेको स्थानीय सरकारका प्रवक्ताले पुष्टि गरेका छन्। साहित्य संकायका अध्यापनरत प्राध्यापकमाथि कर्तव्यपालनाका शिलशिलामा विश्वविद्यालयतर्फ जाँदै गर्दा आक्रमण भएको थियो।

त्यस्तै छिमेकी लोगर प्रान्तमा बाराकी बाराक जिल्लाका जिल्ला प्रमुखका भाइ र एक सुरक्षा गार्डको सोमबार राति गोली हानी हत्या भएको थियो।

आक्रमणकारीहरूले जिल्ला प्रमुखलाई मार्न खोजेका थिए तर हमलाको समयमा उनी घरमा नभएका कारण भाइमाथि हमला गरेको हुनसक्ने बताइएको छ।

कतारको दोहामा सरकारसँग शान्ति वार्ता भइरहेका समय उच्च पदाधिकारीलाई लक्षित गरी आक्रमण भएको छ। तालिवानी समूहले विगतका वर्षहरूमा नागरिक र सैनिक अधिकारीविरुद्ध अनेकौँ लक्षित आक्रमणहरू गर्नेगरेका थिए।

यसअघि सोमबार नै पश्चिमी बग्गिस प्रान्तमा तालिवान आक्रमणमा एक पूर्व अफगान सिनेट, उनका पाँच सुरक्षा गार्ड र एक स्थानीय वृद्ध मारिएका थिए।

## फ्रान्समा कोरोना सतर्कता बढाइयो, सार्वजनिक गतिविधिमा कडाई

पेरिस, ३० भदौ (रासस-एपी)।

कोरोनाभाइरस महामारीको संक्रमण फ्रान्समा फेरि बढ्न थालेसँगै फ्रान्स सरकारले देशका प्रमुख दुई शहरमा सार्वजनिक कृयाकलापमा कडाई गर्ने घोषणा गरेको छ।

राष्ट्रव्यापी लकडाउन गर्नुपर्ने अवस्था सिर्जना हुन नदिन पनि फ्रान्स सरकारले सतर्कता बढाएको हो।

सोमबार घोषणा गरिएका नयाँ प्रतिबन्धहरु मार्से र बोर्डो शहरमा लागू हुँदैछन्। यी दुई शहरमा पछिल्ला दिनहरुमा कोरोना संक्रमितको संख्या एकाएक बढेको छ। क्षेत्रीय स्वास्थ्य सेवामा पनि संक्रमितका कारण दबाब बढेको छ।

बोर्डो शहरमा एकजना वरिष्ट सरकारी अधिकारीले १० जनाभन्दा बढी व्यक्ति सार्वजनिक पार्कमा भेला हुन निषेध गरेका छन् भने नदी र बिचमा पनि पनि मानिसलाई आवतजावत हुन रोक लगाइएको छ।

साथै मनोरञ्जनात्मक कृयाकलापहरु र छिमेकीहरुबीच भेला समारोह गर्न बन्देज गरिएको छ। केन्द्र सरकारले ५००० सम्म मानिस भेला हुन पाउने छुट दिए पनि बोर्डो शहरमा यस्तो भेला १००० मा सीमित गरिएको छ। यो सीमा रंगशाला र कन्सर्ट तथा प्रदर्शनका सन्दर्भमा लागू हुनेछ।

फ्रान्सकै दोस्रो ठूलो शहर मार्सेमा पनि बोर्डोझैं प्रतिबन्धहरु अघि सारिएका छन्। फ्रान्सको स्वास्थ्य विभागले शनिबार मात्र २४ घण्टाको अवधिमा देशभर १० हजार नयाँ कोरोना संक्रमित फेला परेको जनाएको छ।

## बलात्कारीलाई सार्वजनिक चोकमा झुण्ड्याएर मार्नुपर्छ : पाकिस्तानी प्रम

इस्लामावाद, ३० भदौ (रासस/एएनआई)।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले बलात्कारीलाई सार्वजनिक चोकमा झुण्ड्याएर मार्नुपर्ने बताउनुभएको छ।

उहाँले अल जाजिरासँगको अन्तर्वार्ताका क्रममा सो धारणा राख्नुभएको समाचारमा जनाइएको छ। उहाँले त्यस्ता व्यक्तिलाई सार्वजनिक चोकमा झुण्ड्याउनुपर्छ र यस्तो अपराध गर्ने मानिसलाई के कारबाही हुन्छ भन्ने कुरा सबैलाई सार्वजनिक रुपमा नै देखाउनुपर्छ।

सो अन्तर्वार्ताका क्रममा उहाँले सो धारणा राख्नुभएको अलजाजिरा मिडियाले जानकारी दिएको छ। उहाँले बलात्कारीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्ने धारणा राख्नुभएको हो। पाकिस्तानमा गत हप्ता एक महिला उनका आफ्ना बच्चाकै अगाडि लाहोरको एक सडकमा सामूहिक बलात्कृत भएकी थिइन्।

त्यसपछि पाकिस्तानमा बलात्कारीलाई गर्ने कारबाहीका विषयलाई लिएर विभिन्न खालका प्रतिक्रियाहरु आइरहेका छन्। यसै विषयमा प्रधानमन्त्री खानलाई पनि पाकिस्तानमा बलात्कारमा संलग्न हुने व्यक्तिलाई के कस्तो खालको कारबाही गर्नुपर्छ भनी सोधिएको प्रश्नमा सो जवाफ दिनुभएको हो।

गत हप्ता पञ्जाव प्रान्तको लाहोर शहरनजिकै आफ्नो कारमा रहेकी ती महिलालाई जबर्जस्ती कार रोकेर उनको कारमा समेत तोडफोड गरी कारबाट सडकमा निकालेर बलात्कार गरिएको थियो।

त्यसपछि उनका गरगहना पनि लुटिएको थियो। यस घटनापछि पाकिस्तानका विभिन्न शहरमा सरकारले सुरक्षा दिन नसकेको भन्दै विरोध प्रदर्शनहरु भएका छन्।

महिलामाथिका यस्ता हिंसाको अन्त्य गर्दै बलात्कारीलाई कडाभन्दा कडा कारबाही गर्न माग गर्दै ती विरोध प्रदर्शनहरु भएका हुन्।

त्यस घटनामा संलग्न भएको आशङ्कामा लाहोर प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

# अफिमसहित ६० वर्षीय वृद्ध पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ३० भदौ ।**

सशस्त्र प्रहरीले दुई केजी लागुऔषध अफिमसहित सोमबार एक वृद्धलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पचरौता नगरपालिका ६ पकडिया बस्ने ६० वर्षीय सहजमान मिया अन्सारी रहेको सशस्त्र प्रहरी बल, नेपाल नम्बर १२ गण हेडक्वार्टर बाराले जनाएको छ ।

विशेष सुराकीका अधारमा अन्सारी भारतीय सिमानासँग टाँसिएको वडा नम्बर ४ इनर्वास्थित पिलर नम्बर ३६६/६ स्थित दशगाजा क्षेत्रबाट पक्राउ गरिएको जनाइएको छ ।

अन्सारीमाथि शङ्का लागेपछि चेकजाँच गर्ने क्रममा खानतलासी गर्दा निजसँग रहेको लागुऔषध अफिमको एक-एक केजीको दुईवटा पोका बरामद गरिएको प्रहरीले जनाएको छ ।

यता पक्राउ परेका अन्सारीमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता गौतम मिश्रले जानकारी दिएका छन् ।

# असोज १ देखि होटल व्यवसाय सञ्चालन

काठमाडौँ, ३० भदौ (रासस) ।

सरकारले स्वास्थ्यका मापदण्ड पूरा गरी यही असोज १ गतेदेखि होटल व्यवसाय सञ्चालन गर्न दिने निर्णय गरेको छ । सरकारका प्रवक्ता ज्ञवालीले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तय गरेको स्वास्थ्यका मापदण्ड पूरा गरी होटल, रेण्टुरेन्ट, पदयात्रा र ट्राभल व्यवसाय सञ्चालन गर्न सकिने बताउनुभयो ।

उनीहरूले स्वास्थ्य तथा सुरक्षाको पालना गरेनगरेको अनुगमन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने छ ।

यस्तै नेपालमा सञ्चालित विभिन्न विकास आयोजनामा प्राविधिक जनशक्ति विदेशबाट ल्याउनका लागि अनुमति खुला गरिएको छ । त्यसका लागि त्यस्ता जनशक्तिले ७२ घण्टाभित्रको पिसिआर नेगेटिभ भएको रिपोर्ट अनिवार्य गरिएको छ ।

यस्तै विद्यालयमा विद्यार्थी उपस्थित गराएर कक्षा सञ्चालन गर्न नसकिने अवस्थामा दूर र वैकल्पिक शिक्षाका माध्यमबाट शिक्षण र सिकाइलाई निरन्तरता दिने निर्णयसमेत गरिएको छ ।

सरकारले शैक्षिक संस्था, परीक्षा, सेमिनार, गोष्ठी, सिनेमा हल, डान्सबार, सैलुन, स्विमिङ पुल, समूहमा खेलिने खेल, धार्मिक तथा सामाजिकस्थल, पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना जस्ता बढी भीड हुने क्षेत्र भने अझै बन्द गर्ने निर्णय गरेको सरकारका प्रवक्ता ज्ञवालीले बताउनुभयो । अर्को निर्णय गरेपछि मात्र यी क्षेत्र खुला गरिने छ ।

हिमाल र पदयात्रा प्रयोजनका लागि नेपाल आउने पर्यटकका लागि आगामी कात्तिक १ गतेदेखि खुला गरिएको छ । त्यसका लागि ७२ घण्टाअघिको पिसिआर नेगेटिभ रिपोर्ट चाहिने जनाइएको छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौँ ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# भारतद्वारा दुई हजार थान रेमेडिसिभर प्रदान

काठमाडौँ, ३० भदौ (रासस) ।

भारत सरकारले नेपाल सरकारलाई गम्भीर अवस्थाका कोभिड-१९ का सङ्क्रमितको उपचारका निम्ति आवश्यक पर्ने 'रेमेडिसिभर' प्रदान गरेको छ ।

नेपालका लागि भारतका राजदूत विनयमोहन क्वात्राले भारत सरकारका तर्फबाट परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलाई मंगलबार २,००० थान रेमेडिसिभर उपहारस्वरुप हस्तान्तरण गर्नुभयो ।

कोभिड-१९को विश्वव्यापी महामारीले निम्त्याएको चुनौती सामान गर्न भारत सरकारले रेमेडिसिभर उपलब्ध गराएकामा भारत सरकारप्रति कृतज्ञता व्यक्त गर्दै मन्त्री ज्ञवालीले उक्त महामारीबाट भारत स्वयम् प्रभावित भएको अवस्थामा सहयोग प्राप्त हुनु दुई देशबीच भरपर्दो मैत्रीको प्रतीक भएको बताउनुभयो ।

विश्वका वैज्ञानिकहरू कोभिड-१९विरुद्धको खोप विकास गर्न लागिपरेका तर त्यसले कहिले मूर्तरुप लिन्छ भन्ने यकिन भइनसकको वर्तमान परिप्रेक्ष्यमा प्राप्त रेमेडिसिभर अमूल्य जीवन जोगाउन सहयोगी हुने विश्वास उहाँले व्यक्त गर्नुभयो । उहाँले नेपालको सामाजिक-आर्थिक विकासमा भारतबाट निरन्तररुपमा प्राप्त सहयोगको सराहना गर्नुभयो ।

कोभिड-१९ विरुद्ध दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) राष्ट्रमाझ सुदृढ एकता र सहकार्यलाई जोड दिँदै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गत चैतमा गर्नुभएको अप्रत्यक्ष सम्मेलनको स्मरण गर्दै मन्त्री ज्ञवालीले भारतसँग सहकार्य र साझेदारी गर्न नेपाल सधैं तत्पर रहेको बताउनुभयो ।

राजदूत क्वात्राले कोभिड-१९ विरुद्धको लडाइँमा भारत सरकारले आफ्नो क्षमताले भ्याएसम्म हरसम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै आफ्नो देशको 'छिमेक पहिले' नीतिअनुरुप थोरै भएपनि नेपाललाई स्वास्थ्य सामग्री उपलब्ध गराइएको बताउनुभयो । महामारीका कारण भारतको मात्र नभई संसारभरका राष्ट्रहरूको अर्थतन्त्र नराम्ररी प्रभावित भएको असहज अवस्थामा पनि भारत-नेपाल सहयोगका परियोजना निर्वाध सञ्चालन भइरहेका बताउँदै उहाँले आपूर्तिको चक्र पनिमा कुनै किसिमको अवरोध नरहेको जानकारी दिनुभयो ।

नेपालबाट भारत प्रस्थान गर्नेहरूलाई पनि सहजरुपमा आउजाउको व्यवस्था मिलाइएको बताउँदै राजदूत क्वात्राले भन्नुभयो, "दुवै देशका जनता एकआपसमा हातेमालो गरेर अघि बढिरहेका छन् ।" चिकित्सा क्षेत्रका जानकारहरूका अनुसार 'अक्सिजन थेरापी'मा रहेका सङ्क्रमितको उपचारमा रेमेडिसिभर प्रयोग गरिन्छ । यसको उपयोगबाट बिरामीलाई शीघ्र स्वास्थ्यलाभ गर्न मद्दत पुग्छ ।


# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*